


## हाईस्कुलमा प्रवेश गर्नुहुने बिद्यार्थीहरु,

### १. आत्मबिश्वासका साथ बिद्यार्थी जीवन यापन

जापानिज भाषाको ज्ञानको अभाब, फरक संस्कृति अनि फरक परिबेशका कारणले कठिनाई या अप्ठ्यारो महशुस गर्ने अबस्थाहरु आउन सक्छन। तथापि, आत्मबिश्वासका साथ बिद्यार्थी जीवनलाई अगाडी बढाउनुहोस्। अहिले, यहाँको समाजले जापानिज भाषा तथा बिदेशी भाषा बोल्ने बहुभाषी व्यक्तिहरुको आबश्यकतालाई मनन् गरिरहेको अबस्था छ। तपाईहरु मेहनतका साथ अध्ययन गरि, मातृभाषा र जापानिज भाषाको ज्ञानलाई ब्यबहारिकतामा ल्याउन सफल हुने कुरामा हामीहरु आशाबादी छौ।

### २. बिदेशी बिद्यार्थीहरुको लागि सहयोग तथा सांस्कृतिक आदान-प्रदान कार्यक्रमहरु

＊तपाईहरुको अध्यनलाई सहज गर्ने हेतुले जापानिज भाषा शैक्षिक सहयोग प्रोजेक्ट अन्तर्गत कक्षा कोठामा नै आएर मद्दत गरिदिने शैक्षिक सहयोगीहरुको व्यवस्था गर्न सकिने प्रणाली छ।

＊बिदेशी बिद्यार्थीहरुको सांस्कृतिक आदान-प्रदान कार्यक्रमहरु

**मे महिना : नयाँ बिद्यार्थी स्वागत एबं सांस्कृतिक आदान-प्रदान कार्यक्रम**

यस कार्यक्रममा ओशाकामा अध्यनरत विभिन्न देशका २०० जना भन्दा बढी हाईस्कुलका बिद्यार्थीहरु भेला भई, खेलकूद या एक आपसमा कुराकानी गरेर मनोरंजन गर्ने गरेका छन्।

**हान्मादान**

कोरियन मूलका हाईस्कुलका बिद्यार्थीहरु र जापानिज हाईस्कुलका बिद्यार्थीहरु बिचको सांस्कृतिक आदान-प्रदान कार्यक्रम

**जून महिना : WaiWai ! Talk भाग १**

दोश्रो बर्ष वा सो भन्दा माथिल्लो तहमा अध्यनरत बिद्यार्थीहरुले मातृभाषामा आफ्नो विचार अभिव्यक्त गर्ने कार्यक्रम

**अक्टोबर महिना : One World**

ओशाका प्रिफेक्चरसंग गोलबद्ध सरकारी हाईस्कुलहरुमा अध्यनरत भएता पनि एकआपसमा भेट्ने थोरै मात्र अवसर भएको परिबेशमा विभिन्न देशहरुबाट आएका हाईस्कुलका बिद्यार्थीहरु बीचको सांस्कृतिक आदान-प्रदान कार्यक्रम

**नोभेम्बर महिना : नि-हाउ सांस्कृतिक आदान-प्रदान कार्यक्रम**

चाईनिज मूलका बिद्यार्थीहरु संगको सांस्कृतिक आदान-प्रदान कार्यक्रम

**जनवरी महिना : WaiWai ! Talk भाग २**

पहिलो बर्षमा अध्यनरत बिद्यार्थीहरुले मातृभाषामा आफ्नो विचार अभिव्यक्त गर्ने कार्यक्रम



### ३. हाईस्कुलको जीबनशैलीको महत्वपुर्ण बुदाँहरु

#### ① कक्षामा ध्यान दिने गरौ

* टिचरको कुरालाई ध्यानपूर्बक सुन्ने गरौ।
* टिचरको निर्देशन अनुरुप गृहकार्य या नोट अनिबार्य रुपमा बुझाउने गरौ। यी सबै क्रियाकलापहरुलाई मूल्यांकन गरि परिक्षाफलमा समाबेश गरिनेछ।
* जापानको स्कुलमा कक्षा बाहेक पनि खेलकुद तथा सांस्कृतिक उत्सवहरु, स्कुल बाहिरको अध्यापन जस्ता बिबिध गतिबिधिहरु छन्। यी सबै गतिबिधिहरु कक्षा समानका शैक्षिक गतिबिधिहरु भएकाले छुट्टि बस्न मिल्दैन।

**② समयलाई पालना गरौ**

* समयमै कक्षामा उपस्थित हुने गरौ।

* स्कुल बिदा बस्ने या स्कुल आउन ढिलो हुने अवस्थामा अनिवार्य रुपले स्कुलमा खबर गरौ। स्कुलमा सम्पर्क गर्ने तरिकाको बारेमा सम्बन्धित टिचरसंग कुरा गरेर निश्चित गरी राखौ।

**③ नियमको पालना गरौ**

स्कुलमा पालना गर्नै पर्ने नियमहरु छन्। आफु पढ्ने स्कुलले के कस्ता नियमहरु बनाएको छ, राम्रो संग बुझि राखौ। कपाल कलर या कानको मुन्द्रा वा टपमा बन्देज लगाउने स्कुलहरु छन् भन्ने कुरामा सचेत रहौ। नियमलाई बेवास्ता गरि उल्लंघन गर्ने कार्य दोहोरिएमा केहि समयको लागि (जस्तै १ हप्ता) कक्षा लिन नमिल्ने गरि स्कुलबाट निष्काशित गर्न सकिनेछ। जे जस्तो कारण भएतापनि झगडा गरेको खण्डमा स्कुलबाट निष्काशन गरिने घटनाहरु धेरै छन्।

**④ साथीहरु बनाऔ**

भाषा नबुझेता पनि, निसंकोच सबैजनासंग बोलेर हेरौ। नबुझेको कुराहरु सोध्ने गरौ।



**४. परिक्षाफल सम्बन्धि**

**① परिक्षाफल जारी गर्ने तरिका**

* बर्षमा ४-५ पटक जति परिक्षा हुने र तिनै परिक्षामा प्राप्ताङ्कको आधारमा परिक्षाफल जारी गरिने छ।

* परिक्षामा प्राप्ताङ्क बाहेक कक्षा भित्रको आचरण (सुत्ने या गफगाफ गर्नलाई मनाही छ), तथा गृहकार्य या नोटलाई पनि मूल्यांकन गरि परिक्षाफलमा समाबेश गरिएको हुन्छ। त्यसकारण गृहकार्‌य तथा नोटलाई अनिबार्य रुपमा बुझाउने गरौ।

* हाजिरीले पनि परिक्षाफलमा असर पार्ने हुनाले सकेसम्म गयल हुनबाट सतर्क बनौ।

**② माथिल्लो कक्षामा स्थानान्तरण**

* प्राप्ताङ्क साह्रै न्यून भएको अबस्थामा पहिलो बर्षबाट दोश्रो बर्षमा स्थानान्तरण गर्न नमिल्ने हुन्छ।साथै गयल संख्या धेरै भयो भने पनि माथिल्लो कक्षामा स्थानान्तरण हुदैन। संक्षेपमा भन्नुपर्दा फेरी त्यहि कक्षामा दोहोराउनु पर्नेछ।

**५. हाईस्कुल सकेपछिको मार्गदिशा**

**① अनिबार्य रुपमा हाईस्कुल सकौ।** अन्यथा हाईस्कुल सम्मको शैक्षिक योग्यता पनि भएन भने, भविष्यमा काम खोज्ने बेलामा होस् या सामाजिक क्रियाकलापमा संलग्न हुने बेलामा होस् नकारात्मक असर पार्न सक्छ।

**② क्याम्पसमा भर्ना हुने**

* जापानमा 「कोक्कोउरिचु दाईगाकु」भनिने राष्ट्रिय स्तरबाट (जापान सरकार) र क्षेत्रिय स्तरबाट (जस्तै, ओशाका प्रिफेक्चर) स्थापित क्याम्पसहरु तथा निजी क्याम्पसहरु छन्। यी मध्ये प्रवेश परिक्षा अत्तिनै कठिन भनेर भनिने क्याम्पसहरु पनि छन्।

* क्याम्पस पढ्नका लागि प्रवेश परिक्षा दिनुपर्ने हुन्छ। प्रवेश परिक्षा दिनका लागि बिभिन्न तरिका अपनाउन सकिन्छ। बिदेशी बिद्यार्थीहरुकालागी बिशेष प्रवेश परिक्षा दिन मिल्ने व्यवस्था भएका क्याम्पसहरु पनि छन्। आफ्नो स्कुलको टिचरसंग सल्लाह गरेर आफुलाई सबैभन्दा उपयुक्त हुने क्याम्पस खोजौ।

* क्याम्पस भर्ना हुने बेलामा भर्ना शुल्क तथा टयुसन शुल्क आबश्यक पर्दछ। निजी क्याम्पसहरुको सन्दर्भमा भर्ना भएको बर्ष अर्थात् प्रथम बर्षमा १० लाख जापानी यन भन्दा बढी आबश्यक पर्दछ।छात्रवृति तथा शैक्षिक ऋण ईत्यादी पनि हुने हुनाले, समयमै तयारी गरिराखौ।

**③ काम गर्ने**

हाईस्कुल सकेर काम गर्न चाहनेहरुका लागि स्कुलमा नै विभिन्न कम्पनीहरुको परिचय गराईन्छ।तथापी, कम्पनीलाई बिद्यार्थी परिचय गराउने बेलामा परिक्षाफल तथा हाजिरी रेकर्ड राम्रो भएका बिद्यार्थीहरुलाई प्राथमिकता दिइने कुरालाई ध्यानमा राखौ।